| २०७७ बैशाख देखि साउन ४ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| ११३ | ४३ | ८७ | ६ | ६ | ३ | ४७ | ० | १६१ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ४ सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १११ | ४३ | ८६ | ३ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

४ साउन विहान १०:०० बजेदेखि ५ साउन विहान १०:०० बजे सम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर १२ स्थानमा **पहिरो,** ४ स्थानमा **अविरल वर्षा,** २ स्थानमा **बाढी,** १ स्थानमा **आगलागी**का घटना भएका छन् । यी घटनामा परेर **३** जनाको **मृत्यु,** १ जना **बेपत्ता,** १ जना **घाईते** भएका छन् । **बाढी र पहिरो**का कारण ८ स्थानमा **बाटो अवरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| **३** | १ | **१९** | १ | **२८,५०,०००** | ८ | ४ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१९** वटा घट्नाहरु भएका छन् ।
- **कालिकोट**को पचालझरना गाउँपालिका वडा नं ३ खारदु गैंडाखाडाको जंगलमा काठ चिरान गरिरहेको अवस्थामा माथिबाट आएको **पहिरो**ले पुरेर एक जनाको मृत्यु, एक जना **घाईते** ।
- **दार्चुला**को नौगाड गाउँपालिका वडा नं ६ परीगाँउ खोलाको पानीको बहाब बढ्न गई **३** घर **१** जनाको **मृत्यु, १** जना **बेपत्ता, श्री समैजि आधारभुत बिद्यालयको** नँया र पुरानो भवन समेत बगाएको । अपिहिमाल गाउँपालिका वडा नं २ घुसास्थित एक घर माथिबाट **पहिरो** आई घर पछाडी पट्टीको भाग पुर्णरुपमा क्षति ।
- **काठमाडौ**को कागेश्वरी मनहरा नगरपालिका वडा नं १ गागलफेदीमा **पहिरो**मा परी १ व्यक्तिको पुरिएर **मृत्यु** ।
- **बारा**को पचरौता नगरपालिका वडा नं ६ पकडिया स्थित तीन दाजुभाई सँगै एउटै घरमा बस्दै आएकोमा **अबिरल बर्षाको** कारण **घर भत्किन** जाँदा घर, घरभित्र रहेको समान सहित **२ लाख ५० हजार** रुपैया बराबरको क्षति।
- **महोत्तरी**को गौशाला नगरपालिका वडा नं १२ कान्तिबजार स्थित एक घर **अबिरल बर्षाको** कारण भत्कन गई उक्त घर भित्र रहेको भाँडाकुडा, अन्नपात लत्ताकपडा र २ वटा बाख्रा समेत गरेर **२ लाख** रुपैया बराबरको क्षति ।
- **बाजुरा**को बुढीगंगा नगरपालिका वडा नं २ ताप्रीसेरा स्थित **सौँफे-मार्तडी सडक-खण्डको** घट्टे खोलामा रहेको पक्की पुल **बाढी**ले बगाई **बाटो अवरोध** भएको साथै सोही खोलाको किनारामा रहेको १३ जनाको गरी करिव १०० रोपनी जति धान रोपेको खेत, १ वटा बंगुर, र ८ वटा घट्ट बगाएको, ताप्रीसेरा बजारमा रहेका अन्य १२ वटा पसहरुमा बाढीको कारणले गर्दा खाधान्न लगायतका सामानहरुमा समेत क्षति ।

- **संखुवासभा**को धर्मदेवी नगरपालिका वडा नं ५ माम्लिङ स्थित **रामेश्वर उ.मा.बि** को पक्की पर्खाल **अविरल वर्षाको** कारण भत्किई **५ लाख** रुपैंया बराबरको क्षति ।
- **पाँचथर**को फालेलुङ गाउँपालिका वडा नं ७ स्थित फापरबारी भन्ने स्थानमा **पहिरो** गई **एक व्यक्ति**को भान्छा घर र घरको बरण्डा **पहिरो**ले बगाई **१५ लाख** रुपैंया बराबरको क्षति ।
- **सर्लाही**को हरिबन नगरपालिका वडा नं ११ स्थित **ईन्दुशंकर चिनि मिलको कम्पाउण्ड भित्र** रहेको बिजुलिको ट्रान्सफर्मरमा अचानक **आगलागी** ।
- **कास्की**को अन्नपुर्ण गाउँपालिका वडा नं २ ढिकुरपोखरीमा **अविरल बर्षातको** कारण एक घरको पछाडीको गाह्रो चर्किईएको ।
- **रुकुम पश्चिमको** आठविसकोट नगरपालिका वडा नं १२ रुकुम पश्चिम सानीबार्खुमा माथिबाट **पहिरो** आई एक घर भत्कदा घर सहित १ वटा गोरु पुरिई **४ लाख** रुपैंया बराबरको क्षति ।

## सडक अवरोध

- **रसुवाको** गोसाईकुण्ड गाउँपालिका वडा नं ३ कुलुङ पुलस्थित **स्याफ्रुबेशी-टिमुरे पासाङ ल्हामु सडक-खण्डमा** सडक माथिबाट **पहिरो** आई **बाटो पूर्णरुपमा अवरुद्ध** ।
- **चितवन**को ईच्छाकामना गाउँपालिका वडा नं ६ **मुग्लिङ नारायणघाट सडक-खण्डको** चार किलो भन्ने स्थानमा अबिरल बर्षाको कारण माथिबाट **पहिरो** झरी **बाटो अवरुद्ध**, सोही स्थानमा २ वटा बिजुलीको पोल समेत ढलेको ।
- **लमजुङ**को मर्स्याङदी गाउँपालिका वडा नं ४ च्याम्चेमा माथिबाट **पहिरो** आई **वेसिशहर मनाङ सडक खण्ड पूर्णरुपमा अवरुद्ध** ।
- **प्युठान**को सरूमारानी गाउँपालिका वडा नं ४ पाकुरीखोला स्थित **भालुबाङ –रोल्पा सडक** खण्डमा अबिरल बर्षाका कारण माथिबाट **पहिरो** आई **बाटो** पूर्ण रुपमा **अबरूद्ध** ।
- **पाल्पा**को तानसेन नगरपालिका वडा नं ८ गौडेपुल नजिकै **सिद्धार्थ राजमार्गमा** सडकदेखि माथिबाट **पहिरो** खसी **बाटो अवरुद्ध** ।
- **दाङ**को घोराही उपमहानगरपालिका वडा नं १९ च्यानगैरा स्थित **घोराही-रोल्पा होलेरी** सडक-खण्डमा अबिरल बर्षाको कारण माथिबाट **पहिरो** आई **बाटो अवरुद्ध** ।
- **गोरखा**को गोरखा नगरपालिका वडा नं १२ सातकिलो भन्ने स्थानमा राती परेको अबिरल बर्षाको कारण माथिबाट **पहिरो** आइ **अम्मरसिंह राज मार्ग पुर्णरुपमा अबरुद्ध** ।


## प्रतिकार्य

- विपद् व्यवस्थापनमा संलग्न सुरक्षा निकायहरुलाई उद्दार तथा राहतका लागि तैनाथ गरि राखिएको ।
- सरकारी तथा गैरसरकारी निकायहरु, रेडक्रसकर्मीहरु, तथा निजी क्षेत्र समेत तयारी अवस्थामा रही तुरुन्त परिचालित हुने व्यवस्था मिलाइएको ।
- सुरक्षा निकायको टोलीबाट पहिरोमा परी घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा लैजानुका साथै पहिरोका कारण अबरुद्ध बनेको बाटो खोल्ने प्रयास भइरहेको ।

## वर्षाको सारांश

साउन ०४ गते बिहान ०८:४५ बजे देखि साउन ०५ गते ०८:४५ बजे सम्म

**आज मिति २०७७/०४/०५ गते बिहान ०८:४५ बजे २२२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६१ र स्वचालितः १६१) मा मापन गरिएको वर्षाको विवरण अनुसार १९८ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१६९ मि. मी.) कास्की जिल्लाको घारेढुङ्गा केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ३ वटा केन्द्रमा १५० मि. मी. भन्दा बढि, २३ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ८७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, १३१ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १५६ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।**




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि [www.dhm.gov.np/climate/](http://www.dhm.gov.np/climate/) मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

श्रावण-५ (सोमबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज नारायणीमा बहाव उल्लेख्य बढ्ने र सतर्कता तह पार गरी खतरा आसपास सम्म पुग्न सक्ने। कोशीमा पनि बहाव बढ्ने र केहि सहायक नदीमा सतर्कता पुग्न सक्ने । कर्णाली र महाकाली बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई, तिनाउ लगायतमा पनि बहाव उल्लेख्य बढ्ने र सतर्कता आसपास हुने । कन्काई, कमला, बागमती, तिनाउ, पश्चिम राप्तीका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood)भई खतरा आसपास पुग्न सक्ने ।
- आज मेचि, विरिङ, निन्दा, बक्राहा, लोहन्द्रा, चिसाङखोला, सिंघिया खोला, सुनसरी खोला, बुढीखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती, तिनाउ, बाणगंगा, मानखोला, कान्द्रा, मोहना, खुट्टिया, स्याउली, लगायत प्रदेश १, २,५,गण्डकी र सुदूरपश्चिम प्रदेशको चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहाव बढ्ने र सतर्कता आसपास हुने ।
- आज पाँचथर, ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सप्तरी, सिराहा, धनुषा लगायत प्रदेश २ को सबै जिल्लाहरु, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ ,चितवन, नवलपरासी, गुल्मी, अर्घाखाँची, पाल्पा, रोल्पा, प्यूठान, रूकुम, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, सर्खेत, दैलेख, जाजरकोट, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी भई बहने साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।

नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/